# कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
## वीरेन्द्रनगर, सुर्खेत

**चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा करारमा लिने सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/३१)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश मातहतका स्वास्थ्य सेवा अन्तर्गतका विभिन्न समुह तथा उपसमुहका पदमा तपसिल बमोजिम पदमा पदपुर्ति गर्नको लागि लोक सेवा आयोगबाट पदपुर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी स्वास्थ्य सेवाका देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

| क.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | आवश्यक माग संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | कन्सल्टेन्ट अब्स्टेट्रिक्स एण्ड गाईनोकोलोजिष्ट | ९ तह | स्वास्थ्य | अब्स्ट्रेटिक्स एण्ड गाईनो | ४ |
| २ | २/२०८१/०८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९ तह | स्वास्थ्य | मे./जनरल मे. | २ |
| ३ | ३/२०८१/०८२ | कन्सल्टेन्ट न्युरोलोजिष्ट | ९ तह | स्वास्थ्य | मेडिसिन/न्युरोलोजी | १ |
| ४ | ४/२०८१/०८२ | कन्सल्टेन्ट कार्डियोलोजिष्ट | ९ तह | स्वास्थ्य | मे./ कार्डियोलोजी | १ |
| ५ | ५/२०८१/०८२ | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट | ९ तह | स्वास्थ्य | मे./ नेफरोलोजी | १ |
| ६ | ६/२०८१/०८२ | कन्सल्टेन्ट इन्डोकाइनोलोजिष्ट | ९ तह | स्वास्थ्य | मे./ इन्डोक्राइनोलोजी | १ |
| ७ | ७/२०८१/०८२ | फरेन्सिक मेडिसिन अधिकृत | ९ तह | स्वास्थ्य | मे./ फरेन्सिक | १ |
| ८ | ८/२०८१/०८२ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९ तह | स्वास्थ्य | एनेस्थेसियोलोजी | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ९/२०८१/०८२ | कन्सल्टेन्ट प्याथोलोजिष्ट | ९ तह | स्वास्थ्य | मे.ल्या.टे./प्याथो | १ |
| १० | १०/२०८१/०८२ | कन्सल्टेन्ट माइक्रोबायोलोजिष्ट | ९ तह | स्वास्थ्य | मे.ल्या.टे./ माइक्रोबायोलोजि | १ |
| ११ | ११/२०८१/०८२ | स. उ. प्र. मे. टे. | ९ तह | स्वास्थ्य | मे.ल्या.टे./ ज. मे.ल्या.टे. | १ |
| १२ | १७/२०८१/०८२ | ग्याष्ट्रो इन्टेरोलोजिष्ट | ९ तह | स्वास्थ्य | मडिसिन/ग्यास्ट्रो | १ |
| १३ | १२/२०८१/०८२ | मेडिकल अधिकृत | ८ तह | स्वास्थ्य | ज.हे.स. | ७ |
| १४ | १३/२०८१/०८२ | डेन्टल सर्जन | ८ तह | स्वास्थ्य | डेन्टिष्ट्री/ डेन्टल सर्जन | २ |
| १५ | १४/२०८१/०८२ | आयुर्वेद चिकित्सक | ८ तह | स्वास्थ्य | जनरल/आयुर्वेद | २ |
| १६ | १५/२०८१/०८२ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७तह | स्वास्थ्य | मे.ल्या.टे./ज.मे.ल्या.टे. | १ |
| १७ | १६/२०८१/०८२ | फार्मेसी अधिकृत | ७तह | स्वास्थ्य | | १ |
| १८ | १७/२०८१/०८२ | स्टाफ नर्स | ५ तह | स्वास्थ्य | जनरल नर्सिङ्ग | १५ |
| जम्मा | | | | | | ४७ |

**१. उम्मेदवारको योग्यताः**

क. नेपाली नागरिक हुनुपर्ने।

ख. न्यूनतम योग्यताः माथि उल्लिखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयवाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ।

ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

घ. उमेर हदः अधिकृतस्तरको लागि न्युनतम २१ वर्ष पुरा भएको हुनुपर्ने।

ङ. सम्बन्धित स्वास्थ्य सम्बद्ध व्यवसायिक परिषद्मा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्ने छ।

च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनुपर्ने छ।

छ. समावेशीता (महिला, आदिवासी जनजाति, मधेसी, पिछडिएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ।

ज. अपाङ्गताको हकमा अनिवार्य रुपममा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ।

झ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने छ।

२. **दरखास्त दिने विधिः** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फारम भरेको सक्कलै फाइल पेश गर्नुपर्ने छ। चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना vaccency.mosd2082@gmail.com मार्फत दरखास्त पेश गर्न सकिनेछ। अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ। दरखास्त फारम यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

३. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्त फारम भरी फारममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसी देखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्नेछ। उम्मेदवारले सबै कागजातमा सक्कल बमोजिम नक्कल ठिक भएको प्रमाणित गरेको नुपर्नेछ।

४. **छनौट प्रक्रियाः** कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६ (संसोधन सहित)" अनुरुप छनौट कार्य हुनेछ।

५. **सेवा सुविधाः** छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कर्णाली प्रदेशभरी जुनसुकै अस्पताल, स्वास्थ्य सेवा कार्यालयमा खटाउन सकिनेछ। पारिश्रमिक तथा सेवाका शर्तहरु कर्णाली प्रदेश सरकारको नियम अनुसार हुनेछ।

६. लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा यसरी करारमा नियुक्ति भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई जुनसुकै बेला हटाउन सकिनेछ।

७. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन।

८. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन।

९. यो सूचना यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np र सूचना पाटी मार्फत हेर्न सकिनेछ।

*पुनश्चः थप जानकारीका लागि सम्पर्क नं. ०८३-५२३६७२*